# राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर

मिति २०८३-०४-२१
ने.स ११४६

## सूचना!!! सूचना!! सूचना!

यस राष्ट्रिय समावेशी आयोगको मिति २०८१/११/०८ गतेको निर्णयानुसार सूचीकरणका लागि नेपाल सरकारलाई सिफारिस गरिएका खस आर्यका ६६७ थरहरूमा आफ्नो थर छुटेको भनी विभिन्न व्यक्तिहरूबाट गुनासाहरू आईरहेको हुँदा उक्त सूचीकरणमा छुटेका खस आर्यका थर समावेश गर्नका लागि यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र सूचीकरणका लागि समावेश गर्नु पर्ने थर खस आर्यको कुन जातमा पर्ने हो सो समेत खुलाई सम्बन्धित स्थानीय तहको सिफारिस सहित यस आयोगमा निवेदन (E-mail वा हुलाक मार्फत) दिनु हुन आयोगको मिति २०८३/०४/२१ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ। निवेदन साथ संलग्न गर्नु पर्ने कागजात निम्न बमोजिम छन् :-

१) निवेदकको थर खुल्नेगरी नागरिकताको प्रतिलिपि

२) स्थानीय तहको सिफारिस (जात र थर स्पष्ट खुल्ने गरी)।

**स्पष्टिकरणः** खस आर्य भनेको ब्राम्ह्यण, क्षेत्री, ठकुरी, सन्यासी,(दसनामी र बाह्रपन्थी) र रानाभाट बुझिन्छ।

**नोट** :- आयोगको मिति २०८१/११/०८ गतेको निर्णयानुसार खस आर्य थर सूचीकरणको सूची राष्ट्रिय समावेशी आयोगको वेभसाइट(**www.ninc.gov.np**)मा राखिएको छ। आयोगको आधिकारिक ईमेल ठेगाना **info@ninc.gov.np**

०४/२१

# राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर

प.सं.:०८३/८४

च.नं.: 29

मितिः २०८३/०४/२१

नेपाल संवत् ११४६

श्री स्थानीय तह सबै,

**विषयः खस आर्यको थर सूचीकरण सम्बन्धमा ।**

नेपालको संविधान तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ ले व्यवस्था गरे बमोजिम यस आयोगको खस आर्य जातीको थर सूचीकरण गरी नेपाल सरकारलाई सिफारिस गर्ने कार्य जिम्मेवारी अनुसार आयोगबाट खस आर्य (ब्राम्हण, क्षेत्री, ठकुरी, बाह्रपन्थी, दशनामी, रानाभाट लगायत) जाती अन्तर्गतका जम्मा ६६७ थरहरु पहिचान गरी तयार गरिएको सूची आयोगको मिति २०८१/११/०८ गतेको निर्णयानुसार सूचीकृत गर्न नेपाल सरकारमा सिफारिस गरिएको छ। यसै सन्दर्भमा व्यक्ति एवम समुदायस्तरबाट खस आर्यको सूचीमा आफ्नो थर छुटेको गुनासो आइरहेको हँदा आयोगबाट तयार गरिएको खस आर्यको ६६७ थरहरुमा तहाँ पालिका अन्तर्गत छुट भएका थरहरु सूचीकरणको लागि कार्यपालिकाको सिफारिश सहित २१ दिन भित्र देहाय बमोजिमको विवरण स्पष्ट रुपमा खुल्ने गरी पठाइदिनु हुन आयोगको मिति २०८३/०४/२१ गतेको निर्णयानुसार अनुरोध छ।

खुलाउनु पर्ने विवरणः

सिफारिस गरिएको थरः...................................................

जातः सिफारिस गरिएको थर ब्राम्हण, क्षेत्री, ठकुरी, सन्यासी (बाह्रपन्थी र दशनामी) र रानाभाट मध्ये कुन जातमा पर्छ स्पष्ट खुलाउनु पर्ने।

२०८३/०४/२१
.....................
(देउकुमार लावती)
शाखा अधिकृत

नोटः- आयोगको मिति २०८१/११/०८ गतेको निर्णयानुसारको खस आर्यको थरहरुको सूची राष्ट्रिय समावेशी आयोगको वेवसाइट www.ninc.gov.np मा (सूचना केन्द्रमा क्लिक गरी आयोगको निर्णय खण्डमा हेर्न सकिने) राखिएको छ। सो विवरण आयोगको इमेल ठेगाना info@ninc.gov.np मा पठाउन सकिने छ।